# घरपझोङ गाउँपालिका
# गाउँकार्यापालिकाको कार्यालय, जोमसोम, मुस्ताङ
# (शिक्षा शाखा)
# शिक्षा सम्बन्धी उठाउन सकिने आर्थिक संरचना

**उद्देश्यः शैक्षिक गुणस्तर सुधार गर्न संस्थागत विकास ( शिक्षा समिति बैठक, सेमिनार, गोष्ठि सञ्चालन, शैक्षिक सामाग्री निर्माण र शिक्षक विकास तालिम)**

१. विद्यालयबाट अस्थायी करार, सट्टा र राहत शिक्षक नियुक्ति लिई अभिलेख कायमका लागि फाइल गाउँपालिकाको शिक्षा शाखामा प्राप्त भएपछि १५ दिनभित्र अभिलेख कायम गर्ने र अभिलेख वापतको गाउँकार्यपालिकाको निर्णय अनुसार दस्तुर सबै तहको अस्थायी करार, सट्टा शिक्षक, स्थायी नियुक्ति र बदुवा नियुक्तिको प्रतिशिक्षकको तलबको १० % अन्य विविध शिर्षकमा जम्मा गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।(हाल जिल्ला शिक्षा समितिले लिईरहेको अवस्था)

२. नयाँ विद्यालय खोल्ने अनुमति पत्र, कक्षा थपका लागि धरौटी रकम बाहेक सामुदायिकका लागि आधारभूत विद्यालयलाई रु. १,००० (एक हजार)
, माध्यमिक तहलाई रु. २,००० (दुई हजार) र संस्थागत निजी गुठीको आधारभूत तहलाई रु. ५,००० (पाँच हजार) र माध्यमिक तहलाई रु. १०,००० (दश हजार) शिक्षा समितिको खातामा जम्मा गर्ने निर्णय गरियो।

३. शिक्षक सेवा आयोगले प्रदान गर्ने स्थायी अध्ययपन अनुमतिपत्रको राजस्व बाहेक प्रति अनुमतिपत्र वापत रु. ५०० (पाँच सय) लिने निर्णय गरियो ।

४. शिक्षक सरुवा र सरुवा सहमति वापत जिल्लान्तर सरुवामा रु. २,००० (दुई हजार) जम्मा गर्नुपर्ने निर्णय गरियो।

५. गाउँपालिकाबाट नियमित तलब भत्ता पाउने गरी नियुक्ति हुने विद्यालय सहयोगी र विद्यालय सहायकको अभिलेख कायम दर्ता विद्यालय सहयोगीको रु. ५०० (पाँच सय) र विद्यालय सहायकको रु. १,००० (एक हजार) जम्मा गर्नुपर्ने निर्णय गरियो।